पाख्रीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास, धनकुटा

२०७३

कोशी प्रदेश, नेपाल

प.सं.:- २०८२/०८३

च.नं. :- २५८९

मिति २०८३/०३/०१

## कर्मचारी तह वृद्धि सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ बमोजिम पाँचौ तहबाट छैटौ तह, सातौ तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तह वृद्धि हुनका लागि ५ (पाँच) वर्षको सेवा अवधि पूरा भएका यस नगर कार्यपालिकाको कार्यालय तथा मातहतका स्थायी कर्मचारीहरुले पाख्रीबास नगरपालिकाको स्थानीय सरकारी सेवाका कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० को अनुसूची -१ बमोजिमको ढाँचामा देहायका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिनभित्र तह वृद्धिका लागि निवेदन पेश गर्नुहुन यो सूचना प्रकासन गरिएको छ ।

तपसिल:

- नेपाली नागरिकताको प्रतिलिपी,
- स्थायी नियुक्ति पत्रको प्रतिलिपी,
- तह वृद्धि हुने भन्दा तल्लो पदमा नियुक्ति वा बढुवा भएको पत्रको प्रतिलिपी
- समायोजन भएको भए समायोजन पत्रको प्रतिलिपी,
- न्यूनतम शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपी,
- विभागीय सजाँय नपाएको, निलम्बनमा नरहेको, बढुवा रोक्का नभएको विवरण सहितको सिफारिस पत्र र सो सम्बन्धी स्वघोषणा पत्र,
- पछिल्लो ३ आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन,
- निवेदन पेश गर्ने निकाय: प्रशासन शाखा, पाख्रीबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनकुटा ।

२०८३/०३/०१

सुनिल पौडेल

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(कार्यविधिको दफा(३) सँग सम्बन्धित)

**तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा**

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

पाखीबास नगर कार्यपालिकाको कार्यालय,

पाखीबास, धनकुटा ।

विषयः तह वृद्धि गरी पाउँ ।

प्रस्तुत विषयमा यस नगरपालिकाको मिति............... गतेको सूचना अनुसार म हाल तपसीलबमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचनाबमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसीलबमोजिमको कागजातसहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

तपसील

१. स्थायी नियुक्ति

२. बढुवा/तह वृद्धि भएको पत्र (दफा ८(१६) को हकमा नपर्ने)

३. समायोजन पत्र (समायोजन भएका कर्मचारीको हकमा मात्र)

४. नेपाली नागरिकताको प्रमाणपत्र

५. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र

| | |
|---|---|
| नाम,थरः | शुरु नियुक्ति मितिः |
| पदः | हालको पदमा तह वृद्धि/बढुवा मितिः |
| तहः | समायोजन मितिः |
| सेवाः | कर्मचारी संकेत नं. |
| समूहः | कार्यरत कार्यालयः |

माथि उल्लिखित सबै व्यहोरा ठीक साँचो हो झुठा ठहरे कानुनबमोजिम सहूँला वुझाउँला ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख